नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

मितिः २०७६/०५/३१

## प्रेस विज्ञप्ती

चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष जस्तो महत्वपूर्ण जिम्मेवारीको पदमा नियुक्ति गरी मलाई सेवा गर्ने अवसर प्रदान गरिएकोमा नेपाल सरकार मन्त्रिपरिषद र सो पदमा नियुक्तिको लागि सिफारिस गर्ने लोकसेवा आयोगका अध्यक्षज्यूको संयोजकत्वमा गठित छनोट समितिलाई हार्दिक धन्यवाद अर्पण गर्दछु ।

चिकित्सा शिक्षा आयोग शिक्षण संस्थाको नियमन तथा चिकित्सा शिक्षालाई गुणस्तरीय बनाउनको लागि स्थापना भएको छ । आयोगमा प्रमुख कार्यकारीको भूमिकामा रहने उपाध्यक्षको योग्यता तथा नैतिक चरित्रले आयोगप्रति हेर्ने दृष्टिकोण बन्दछ । हाल सामाजिक सञ्जाल र सञ्चार माध्यममा उपाध्यक्षको योग्यता नपुगेको भन्ने भ्रामक, कपोलकल्पित र गलत तथ्यहरु संप्रेषण भएको प्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ । सोही भ्रामक, कपोलकल्पित र गलत जानकारीको आधारमा उपाध्यक्षको योग्यता र नैतिकता सम्बन्धमा गलत धारणा बन्न सक्ने हुँदा मेरो सन्दर्भमा सत्य-तथ्य निम्नानुसार भएको सूचित गर्दछुः-

**१. शैक्षिक योग्यता - M.S. डिग्री २ बर्षको भएकाले मान्यता नपाउने भन्ने सन्दर्भमाः-**
**वास्तविकताः** मैले Post Graduate Diploma in Orthopaedics **१ वर्षे कोर्ष** 1996 मा चीनबाट र M.S. Orthopaedics Trauma Surgery **४ वर्षे कोर्ष** २००३ मा चिकित्सा शास्त्र अध्ययन संस्थान (Institute of Medicine), महाराजगञ्जबाट गरेको छु । यी दुवै डिग्री विशेषज्ञताको लागि नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका छन्।

**२. मेडिकल कलेजमा प्राध्यापक नभएको भन्ने सन्दर्भमाः-**
**वास्तविकताः-** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान देशकै सबैभन्दा ठूलो चिकित्सा विषयमा स्नातकोत्तर MD/MS र सोभन्दा माथिको Superspeciality का MD/MCH अध्ययन हुने शिक्षण संस्था हो । यो मेडिकल कलेजभन्दा उच्च तहको शिक्षण संस्था हो। यो संस्थामा १० वर्षभन्दा बढी समयदेखि प्राध्यापकको जिम्मेवारीमा रही अध्यापन तथा अनुसन्धानमा संलग्न भएको हुँ । सोभन्दा पहिले सह-प्रध्यापकको जिम्मेवारीमा रहेको थिँए ।

**३. स्वास्थ्य सेवामा २० वर्षको अनुभव नभएको भन्ने सन्दर्भमाः-**
**वास्तविकताः-** वि.सं.२०४१ सालमा लोकसेवा आयोगको परीक्षा पास गरेपछि हालको पदमा बहाल हुनुभन्दा अघिसम्म नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत सेवारत थिए ।

**४. नेपाल मेडिकल काउन्सिलमा दर्ताको अवधि २० वर्ष नपुगेको भन्ने सन्दर्भमाः-**
**वास्तविकताः** नेपाल मेडिकल काउन्सिलले विशेषज्ञता दर्ता गर्न सुरु गरेको अवधि नै २० वर्ष पुगेको छैन ।

**५. राजनीतिक संलग्नता- राजनीतिक दलको कार्यकर्ता उपाध्यक्षमा नियुक्ति भएको भन्ने सन्दर्भमाः-**
**वास्तविकताः-** म कुनै पनि राजनीतिक दलको सदस्य छैन।

**६. ऐन अनुसारको योग्यताको सन्दर्भमाः-**
**वास्तविकताः-**माथि उल्लेख भएको तथ्यले नै राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले गरेको व्यवस्था अनुसार मेरो योग्यता र अनुभव पुगेको छ ।

माथि उल्लेखित तथ्यहरू गलत सावित भएमा म उपाध्यक्षको पद त्याग गर्न र जुनसुकै सजाय भोग्न तयार छु । चिकित्सा शिक्षा आयोग जस्तो नियमनकारी निकायले उच्च मनोबलका साथ आफ्ना कार्यहरूलाई अगाडि बढाउने बाटोमा लागेको छ । सामाजिक सञ्जाल, सञ्चार जगत तथा सर्वसाधारणको सकारात्मक आलोचनालाई सदैव सहस्र कदर गर्दै आयोगको कार्य प्रभावकारी रुपमा कार्यन्वयन गर्न प्रतिबद्ध छु। सर्वसाधारण लगायत सम्पूर्णको सहयोगको अपेक्षा गर्दछु । उपाध्यक्ष जस्तो गरिमामय पद सम्हालीरहँदा आफूमाथि उठेका प्रश्नहरुको सत्य-तथ्य जानकारी गराउनु मेरो पदीय दायित्व समेत भएकाले यो विज्ञप्ती प्रेषित गरेको छु।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष
चिकित्सा शिक्षा आयोग ।